घ) श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा) सिंहदरवार, काठमाडौंको च.नं. मा.अ./७/३९ मिति २०८२/०४/१२ को पत्रमार्फत मानव अधिकार परिषद्को विश्वब्यापी आवधिक पुनरावलोकन (तेश्रोचक्र) बाट प्राप्त सिफारिसको कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) कार्यान्वयनको लागि भएका प्रगति र कार्य विवरण हाल जे जुन अवस्थामा छ सोही व्यहोरा उल्लेख गरी कार्ययोजनाहरुको कार्यान्वयन अवस्थाको प्रगति विवरण उपलब्ध गराइदिनुहुन भनि लेखी आएको सन्दर्भमा सोही विवरण यस अघि श्री राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरबाट समेत माग भएको हुँदा यस कार्यालयबाट मानव अधिकार परिषद्को विश्वब्यापी आवधिक पुनरावलोकन (तेश्रोचक्र) बाट प्राप्त सिफारिसको कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) कार्यान्वयनको लागि भएका प्रगति र कार्य विवरण यस जिल्लास्थित सातवटै स्थानीय तहसँग माग गरी श्री राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरमा पठाइएको र सोही विवरण श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा) सिंहदरवार, काठमाडौंमा समेत पठाइएको छ।

ङ) संविधान दिवस तथा राष्ट्रिय दिवस जिल्लास्तरीय कार्यक्रम आयोजक समितिका संयोजक जिल्ला समन्वय समिति धनकुटाका प्रमुख श्री निरेन तामाङज्यूको अध्यक्षतामा मिति २०८२ भाद्र ३० गतेका दिन बसेको बैठकबाट भएको निर्णय बमोजिम दिप प्रज्वलन, सद्भाव र्‍याली, मठ मन्दिर लगायत सार्वजनिक स्थानको सरसफाई लगायतका विभिन्न कार्यक्रमहरु गरी यस धनकुटा जिल्लामा मिति २०८२ आश्विन २, ३ र ४ गतेका दिन भव्यताका साथ संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ सभ्य एवम् भव्य रुपमा मनाइयो।

च) मिति २०७६/०४/१६ को नेपाल सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयानुसार एवं सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक ब्यवस्थापन शाखा) सिंहदरवार, काठमाण्डौंको च.नं. २०० मिति २०७६/०४/३० को अनुसूची १ देखि ४ र च.नं. २१५ मिति २०७६/०५/०४ बुँदा नं. १ र २ को कार्य सम्पादन मूल्यांकन गर्ने सम्बन्धमा भएको परिपत्र अनुसार नै आ.व. २०८१/०८२ को कार्यसम्पादन मूल्यांकन गर्नु गराउनु हुन भनि नेपाल सरकार (सचिवस्तर) को मिति २०८२/०३/२९ को निर्णयानुसार श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौंको च.नं. १६१० मिति २०८२/०३/२९ को पत्रमार्फत लेखी आएको हुँदा यस जिल्लाका स्थानीय तहमा समायोजन भइ संघमा बढुवाका लागि योग्यता पुरा भएका र संघमा बढुवा हुने इच्छा भएका कर्मचारीहरुको आ.व. २०८१/०८२ को मूल्याङ्कनका लागि यस कार्यालयमा प्राप्त भएका कार्यसम्पादन मूल्याङ्कन फारामहरुको मूल्याङ्कन गर्ने कार्य सम्पन्न गरिएको छ।

छ) जिल्ला समन्वय समितिबाट हुने अनुगमन नियमित रुपमा भइरहेको।

**१०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:**

आ.व. २०८२/८३ मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ।

**क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरण:**

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८२ आश्विन मसान्तसम्मको खर्च |
|---|---|---|---|
| १ | पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीको पारिश्रमिक र जि.स.स. पदाधिकारीको सुविधा) | १,०१,२७,०००।०० | ३२,३८,७७०।९४ |
| २ | नीजि सचिवालय करार कर्मचारी | ४,६२,०००।०० | १,३८,९२०।०० |
| ३ | पानी तथा विजुली, सञ्चार महशुल लगायत अन्य अनिवार्य दायित्त्व खर्च | ३६,००,०००।०० | ३,६४,७८८।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ६,००,०००।०० | २,४१,७७०।०० |
| ५ | अनुगमन तथा भ्रमण खर्च | ११,००,०००।०० | १,८८,८५६।०० |
| जम्मा | | १,५८,८९,०००।०० | ४५,९९,५९९।९४ |

**११. अन्य आन्तरिक आम्दानी विवरण: ००।-**